सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ

माननीय न्यायाधीश श्री कुमार रेग्मी

<u>आदेश</u>

रिट नं.०७६-WH-०३४४

<u>मुद्दाः बन्दीप्रत्यक्षीकरण</u>

चन्द्रबहादुर बुढाथोकीको छोरा, काभ्रेपलाञ्चोक जिल्ला, नासिकास्थान  निवेदक
गा.वि.स. वडा नं. १ को हाल परिवर्तित बनेपा न.पा.वडा नं. १३ घर भई
हाल जिल्ला कारागार कार्यालय, काभ्रेपलाञ्चोकमा थुनामा रहेको भुवन
बुढाथोकी-----------------------------------------------------------------१

<u>विरुद्ध</u>

काभ्रेपलाञ्चोक जिल्ला अदालत, धुलिखेल ------------------------------१  विपक्षी
जिल्ला कारागार कार्यालय, काभ्रेपलाञ्चोक, धुलिखेल -------------------१

नेपालको संविधानको धारा ४६ र धारा १३३(२)(३) बमोजिम यस अदालतको क्षेत्राधिकार अन्तर्गत दायर भएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार रहेको छ।

<u>तथ्य खण्ड</u>

१. भवानी बुढाथोकी खड्काको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी म भुवन बुढाथोकीसमेत भएको मुद्दा नं.०७१-CR-००८९ को बहु विवाह मुद्दा काभ्रेपलाञ्चोक जिल्ला अदालतमा दायर भएको थियो। मलाई प्रहरीले मिति २०७०।११।२१ मा पक्राउ गरी मिति २०७०।१२।११ सम्म २० दिन हिरासत बसि काभ्रेपलाञ्चोक

जिल्ला अदालतको मिति २०७०।१२।११ को थुनछेक आदेशानुसार मसंग माग
भएको रु.४०,०००/- धरौटी राखी म तारेखमा छुटेको थिए। उक्त मुद्दामा मलाई
१।०।० (एक वर्ष) कैद र रु.५,०००/-(पाँचहजार रुपैंया) जरिवाना हुने ठहरी
काभ्रेपलाञ्चोक जिल्ला अदालतबाट मिति २०७१।०७।१३ मा फैसला भएको रहेछ।
मलाई मिति २०७६।९।९ मा प्रहरीले पक्राउ गरी हालसम्म म जिल्ला कारागार
कार्यालय, काभ्रेपलाञ्चोकमा थुनामा रहेको छु।

बर्तमान विश्वव्यापी महामारीको रुपमा नोबल कोरोना भाइरस (COVID 19)
फैलिएको अबस्थामा मिति २०७६।१२।७ मा सर्बोच्च अदालतको पूर्ण बैठकको
निर्णयको बुदा नं. ६ मा **बिपदको यस बिशेष परिस्थितिमा** कारागारमा रहने कैदी
**बन्दीको भिडभाड कम गर्ने प्रयोजनार्थ मुलुकी फौजदारी** कार्यविधि संहिता, २०७४ को
**दफा १५५ अनुसारको कैद बापत रकम लिई कैदबाट छोडी पाउँन** निवेदन परेमा रकम
**लिई कैदबाट छोडीदिन उपर्युक्त देखिए न्यायाधीशको इजलासबाट** आवश्यक आदेश गरी
**छोड्ने ब्यबस्था गर्ने** भन्ने उल्लेख भई सबै जिल्ला अदालतहरु समेतमा परिपत्र भएको
छ। सो बमोजिम म निवेदकले काभ्रेपलाञ्चोक जिल्ला अदालतसमक्ष मिति
२०७६।१२।१० मा दर्ता नं. ६३५२ बाट मलाई लागेको बाँकी कैद बापत नगद
रकम लिई कैदबाट मुक्त गरी पाउँ भनी निवेदन दिएको थिए। **निवेदकलाई निवेदन**
**माग बमोजिम कैद बापत रकम लिई कैद मुक्त गर्न मिल्ने देखिएन** कानून बमोजिम गर्नू
भनी काभ्रेपलाञ्चोक जिल्ला अदालतबाट मिति २०७६।१२।१३ मा आदेश भएको
छ।

कैद बापतको रकम लिई मलाई कैदबाट मुक्त गर्न ईन्कार गर्ने गरी भएको
काभ्रेपलाञ्चोक जिल्ला अदालतको उक्त मिति २०७६।१२।१३ को आदेशले कैदी
बन्दीको स्वास्थ्य सुरक्षालाई नजर अन्दाज गरेको छ। साथै उक्त आदेश मुलुकी
फौजदारी कार्यबिधि संहिता, २०७४ को दफा १५५ र सर्बोच्च अदालतको मिति
२०७६।१२।०७ को पूर्ण बैठकको निर्णयको बुँदा नं. ६ को मर्म र भाबना विपरित
रहेको छ। उक्त गैर कानूनी एवं गैर संबैधानिक आदेश बदर गरी बन्दीप्रत्यक्षीकरणको
आदेशसमेत जारी गरी बाँकी कैद अबधिको कानून बमोजिम हुन आउने रकम लिई

१०९

मलाई कैद मुक्त गरी पाउँ भन्नेसमेत वेहोराको निवेदक भुवन बुढाथोकीको निवेदन पत्र।

२. यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो? आदेश जारी हुनु नपर्ने भए आधार र कारण सहित बाटोको म्याद बाहेक सूचना पाएका मितिले ३ दिन भित्र ईमेल मार्फत (वर्तमान बन्दाबन्दीको परिवेशलाई विचार गर्दा) महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पेश गर्नू भनी प्रस्तुत आदेश र रिट निवेदनको एक एक प्रति प्रतिलिपीसमेत साथै राखी विपक्षीहरुका नाममा ईमेल मार्फत म्याद सूचना पठाई लिखित जवाफ परे वा अवधि व्यतित भएपछि रिट निवेदन सुनुवाईको लागि नियमानुसार पेश गर्नू भनी यस अदालतबाट मिति २०७७।०१।२८ मा भएको आदेश।

३. भवानी बुढाथोकी (खड्का) को जाहेरीले वादी नेपाल सरकार प्रतिवादी भुवन बुढाथोकीसमेत भएको २०७० सालको स.फौ.नं. ८९ को बहु विवाह मुद्दामा यस अदालतको मिति २०७१।७।१३ को फैसलाले प्रतिवादी भुवन बुढाथोकीलाई तत्काल प्रचलित मुलुकी ऐन, विहावारीको महलको १० नं. बमोजिम एक वर्ष कैद र रु.५,०००/- जरिवाना हुने ठहरी फैसला भएको छ। सो फैसला उपर निजले पुनरावेदन नगरी फैसलालाई स्वीकार गरेको देखिएतापनि सोही अवस्थामा तथा सो पश्चात पनि अदालतमा आत्मसमर्पण नगरी फरार रही फैसला मितिभन्दा पाँच बर्ष पछी मिति २०७६।९।९ मा अदालतको डोर कर्मचारीले पक्राउ गरी अदालतमा दाखिल गरी यस अदालतको च.नं.३२० मिति २०७६।९।९ गतेको कैदी पूर्जीबाट कैद ठेगी कारागार कार्यलय, धुलिखेलमा कैद भुक्तानको लागि पठाईएको हो।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ अनुसारको एक दिनको रु.३००।- का दरले रकम वुझाई कैद मुक्त गरी पाउँ भनी निज प्रतिवादी भुवन वुढाथोकीले कारागार कार्यालय मार्फत मिति २०७६।१२।१० मा यस अदालतमा निवेदन दिएका थिए। सो निवेदन मिति २०७६।१२।१३ मा इजलास समक्ष पेश हुँदा बहु विवाहको कसूर स्वभावैले सोचविचार गरी पूर्ण मनसायका साथ आवश्यक सम्पूर्ण तयारी पुरा गरी गरिने गम्भिर प्रकृतीको कसूर भएको र यी

१०९

निवेदकलाई ऐनमा तोकिएको न्यूनतम सजायसम्म भएकोमा सो सजाय भएको बर्षौसम्म फैसलालाई अवज्ञा गरी फरार रही कर्मचारीद्वारा पक्राउ गरी कैदमा पठाएको, लागेको कैद सजायको आधासम्म पनि भुक्तानी नभै प्रतिवादीलाई सुविधा प्रदान गरी कैद मुक्त गर्दै जाने हो भने ऐनको दुरुपयोग हुन जाने अवस्था भई ऐन र फैसलाको मनसाय पुरा हुन नसक्ने देखिई दण्डहिनताले प्रश्रय पाउनेसमेत देखिंदा कारागारबाट भिडभाड कम गर्ने सम्मको उद्देश्यले भनी कानूनी व्यवस्थाको मनसाय विपरित निवेदकलाई निजको निवेदन मागबमोजिम कैदवापत रकम लिई कैदमुक्त गर्न मिल्ने देखिएन। कानूनबमोजिम गर्नू भनी आदेश भएको छ।

अतः यस अदालतबाट मिति २०७१।७।१३ मा भएको फैसला बमोजिम निज प्रतिवादीलाई प्रहरी हिरासतमा रहेको अवधि कट्टा गरी बाँकी रहेको कैद बापतमा कैद ठेगी कानून बमोजिम कैदमा राख्न पठाएको हुँदा निवेदकको रिट निवेदन खारेज गरी पाउँ भन्नेसमेत वेहोराको विपक्षी काभ्रेपलाञ्चोक जिल्ला अदालतको लिखित जवाफ।

४. भवानी बुढाथोकी खड्काको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी भुवन बुढाथोकी भएको बहु विवाह मुद्दामा काभ्रेपलाञ्चोक जिल्ला अदालतको च.नं.३२० मिति २०७६।०९।०९ को कैद पूर्जी अनुसार निजलाई कानून बमोजिम यस कारागारमा कैदमा राखिएको सम्म हो। यस कार्यालयले निवेदकलाई कानून बमोजिम थुनामा राखेको हुँदा प्रस्तुत बन्दी प्रत्यक्षीकरणको रिट निवेदन खारेज गरी पाऊँ भन्नेसमेत वेहोरा भएको विपक्षी कारागार कार्यालय, काभ्रेपलाञ्चोकको लिखित जवाफ।

## आदेश खण्ड

५. नियम बमोजिम दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनको मिसिलसंलग्न प्रमाण कागजातहरूको अध्ययन गरियो।

६. निवेदकको तर्फबाट इजलास समक्ष कोही पनि उपस्थित नहुनु भएको र विपक्षी नेपाल सरकारको तर्फबाट उपस्थित हुनु भएका विद्वान उप-न्यायाधिवक्ता श्री शान्तिप्रसाद लुईटेलले रिट निवेदकलाई अदालतबाट भएको फैसलाबमोजिम नै कैद म्याद ठेगी निजले कारागारमा कैद भुक्तान गरी रहनु भएको छ। कैद वापतको रकम दाखिला

गरी कैदबाट मुक्त हुन पाउनु पर्छ भन्नु निवेदकको कानूनी अधिकार भित्र पर्दैन। निवेदक हाल कानूनबमोजिम नै कारागारमा थुनामा रहनु भएको हुँदा प्रस्तुत रिट निवेदन खारेज हुनुपर्छ भनी बहस प्रस्तुत गर्नु भयो।

७. अब प्रस्तुत निवेदनमा निवेदकको माग बमोजिम विपक्षीहरुका नाउँमा बन्दी प्रत्यक्षीकरणको आदेश जारी हुने हो होइन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

८. निर्णयतर्फ विचारगर्दा, काभ्रेपलाञ्चोक जिल्ला अदालतबाट मलाई बहु विवाह मुद्दामा १।०।० (एक वर्ष) कैद र रु.५,०००/-(पाँचहजार रुपैंया) जरिवाना हुने ठहरी मिति २०७१।०७।१३ मा फैसला भए अनुसार म मिति २०७६।९।९ देखि हालसम्म कारागार कार्यालय, काभ्रेपलाञ्चोकमा थुनामा रहेको छु। बर्तमान समयमा विश्वव्यापी महामारीको रुपमा नोबल कोरोना भाइरस (COVID 19) फैलिएको छ। म निवेदकले मिति २०७६।१२।७ मा सर्बोच्च अदालतको पूर्ण बैठकको निर्णयको बुदा नं. ६ मा उल्लेखित व्यवस्था बमोजिम मलाई लागेको बाँकी कैद बापत नगद रकम लिई कैदबाट मुक्त गरी पाउँ भनी काभ्रेपलाञ्चोक जिल्ला अदालतसमक्ष निवेदन दिएको थिए। निवेदकलाई निवेदन माग बमोजिम कैद बापत रकम लिई कैद मुक्त गर्न मिल्ने देखिएन, कानून बमोजिम गर्नू भनी काभ्रेपलाञ्चोक जिल्ला अदालतबाट मिति २०७६।१२।१३ मा आदेश भएको छ। सो आदेश मुलुकी फौजदारी कार्यबिधि संहिता, २०७४ को दफा १५५ र सर्बोच्च अदालतको मिति २०७६।१२।०७ को पूर्ण बैठकको निर्णयको बुँदा नं. ६ को मर्म र भाबना विपरित रहेको छ। साथै कैदी बन्दीको स्वास्थ्य सुरक्षालाई समेतलाई नजर अन्दाज गरी भएको उक्त गैर कानूनी एवं गैर संबैधानिक आदेशलाई बदर गरी बन्दी प्रत्यक्षीकरणको आदेश जारी गरी बाँकी कैद अबधिको कानून बमोजिम हुन आउने रकम लिई मलाई कैदबाट मुक्त गरी पाउँ भन्ने निवेदक भुवन बुढाथोकी निवेदन माग दवी रहेको देखियो।

९. भवानी बुढाथोकी (खड्का) को जाहेरीले वादी नेपाल सरकार प्रतिवादी भुवन बुढाथोकीसमेत भएको बहु विवाह मुद्दामा यस अदालतको मिति २०७१।७।१३ को फैसला अनुसार प्रतिवादी भुवन बुढाथोकीलाई १ (एक) बर्ष कैद र रु.५,०००/-

(पाँचहजार रुपैंया) जरिवाना भएको थियो। निजको लगत वेरुजु रहेकोले निजलाई मिति २०७६।९।९ मा अदालतको डोर कर्मचारीले पक्राउ गरी अदालतमा दाखिल गरेको र यस अदालतको च.नं.३२० मिति २०७६।९।९ गतेको कैदी पूर्जीबाट कैद ठेगी कारागार कार्यलय, धुलिखेलमा कैद भुक्तानको लागि पठाईएको थियो। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ अनुसारको एक दिनको रु.३००।- का दरले रकम बुझाई कैद मुक्त गरी पाउँ भनी निज प्रतिवादी भुवन बुढाथोकीले कारागार कार्यालय मार्फत मिति २०७६।१२।१० मा यस अदालतमा निवेदन दिएका थिए। सो निवेदन मिति २०७६।१२।१३ मा इजलास समक्ष पेश हुँदा **निवेदकलाई निजको निवेदन माग बमोजिम कैदवापत रकम लिई कैदमुक्त गर्न मिल्ने देखिएन, कानूनबमोजिम गर्नू** भनी आदेश भएको छ। अतः यस अदालतबाट मिति २०७१।७।१३ मा भएको फैसला बमोजिम निज प्रतिवादीलाई प्रहरी हिरासतमा रहेको अवधि कट्टा गरी बाँकी रहेको कैद वापतमा कैद ठेगी कानून बमोजिम कैदमा राख्न पठाएको हुँदा निवेदकको रिट निवेदन खारेज गरी पाउँ भन्ने विपक्षी काभ्रेपलाञ्चोक जिल्ला अदालतको लिखित जवाफ रहेको देखियो।

१०. रिट निवेदक भुवन बुढाथोकी काभ्रेपलाञ्चोक जिल्ला अदालतको च.नं.३२० मिति २०७६।०९।०९ को कैद पूर्जी अनुसार यस कारागारमा थुनामा रहदै आउनु भएको छ। निजलाई कानून बमोजिम थुनामा राखिएको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाऊ भन्ने विपक्षी कारागार कार्यालय, काभ्रेपलाञ्चोकको लिखित जवाफ रहेको देखियो।

११. भवानी बुढाथोकी (खड्का) को जाहेरीले वादी नेपाल सरकार प्रतिवादी भुवन बुढाथोकीसमेत भएको बहु विवाह मुद्दामा सुरु काभ्रेपलाञ्चोक जिल्ला अदालतबाट मिति २०७१।७।१३ मा फैसला हुँदा प्रतिवादी भुवन बुढाथोकीलाई साबिक मुलुकी ऐन, विहावारीको महलको १० नं. बमोजिम १ (एक) बर्ष कैद र रु.५,०००।-(पाँचहजार रुपैंया) जरिवाना हुने ठहरी अन्तिम फैसला भएको देखिन्छ।

१२. निज प्रतिवादी भुवन बुढाथोकीको लगत वेरुजु रहेकोले निजलाई मिति २०७६।९।९ मा अदालतको डोर कर्मचारीले पक्राउ गरी अदालतमा दाखिल गरेको र उक्त फैसला

बमोजिमको रु.५,०००।– (पाँचहजार रुपैया) जरिवाना निज प्रतिवादीले र.नं. १९ मिति २०७६।९।९ मा तिरी बुझाई सकेको देखिन्छ। निजलाई भएको कैदको हकमा निज मुद्दा पुर्पक्षको क्रममा मिति २०७०।११।२१ देखि २०७०।१२।११ सम्म २० (बीस) दिन प्रहरी हिरासतमा बसेको देखिंदा सो अवधि कट्टा गरी बाँकी रहेको बेरुजु कैद ०।११।१० (एघारमहिना दशदिन) वापतमा निज प्रतिवादीलाई मिति २०७६।९।९ देखि कैद कट्टा हुने गरी २०७७।८।१८ सम्म थुनामा राखि अन्य मुद्दा वा करणबाट थुनामा राख्नु नपर्ने भए प्रस्तुत मुद्दाको रोहबाट मिति २०७७।८।१९ गतेबाट कैद भुक्त गरी दिनु भनी काभ्रेपलाञ्चोक जिल्ला अदालतको च.नं.३२० मिति २०७६।९।९ को पत्रबाट कैद म्याद ठेगी कारागार कार्यालय धुलिखेल, काभ्रेपलाञ्चोकमा पठाएको देखियो। सो अनुसार निवेदक भुवन बुढाथोकीले कैद भुक्तान गरी रहेको देखिन्छ।

१३. मुलुकी फौजदारी कार्यविधि सहिता, २०७४ को दफा १५५(१) मा "कुनै कसूरमा पहिलो पटक कसूरदार ठहरी एक बर्ष वा एक बर्षभन्दा कम कैद सजाय भएको मुद्दामा कसूरदारको उमेर, कसूरको गम्भिरता, कसूर गरेको तरिका, आचरण समेतलाई विचार गर्दा कारागारमा राख्नु उपयुक्त नदेखिएकोमा तथा निजलाई छोड्दा सार्वजनिक शान्ति, कानून र व्यवस्थामा खतरा पुग्नेसमेत नदेखिएकोमा त्यसको कारण खुलाई अदालतले निजलाई कैदमा राख्नुको सट्टा त्यस वापत रकम लिई कैदबाट छोडिदिन उपयुक्त ठहऱ्याएमा कैद वापतको रकम तिरी कैद बस्नु नपर्ने गरी आदेश दिन सक्ने छ" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ।

१४. यस अदालतको मिति २०७६।१२।०७ को पूर्ण बैठकको निर्णयको बुदा नं. ६ मा "नेपालका महान्यायधीवक्ताको कार्यालयबाट अनुरोध भई आएको र विपतको यस विशेष परिस्थितीमा कारागारमा रहने कैदी बन्दीको भिडभाड कम गर्ने प्रयोजनार्थ मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा १५५ अनुसारको कैदवापत रकम लिई कैदबाट छोडी पाँउन निवेदन परेमा रकम लिई कैदबाट छोडिदिन उपयुक्त देखिए न्यायाधीशको इजलाशबाट आवश्यक आदेश गरी छोड्ने व्यवस्था गर्ने" भन्ने उल्लेख भएको देखिन्छ।

१५. उल्लेखित कानूनी व्यवस्था र यस अदालतबाट भएको निर्णयबाट समेत कैदमा रहेका व्यक्तिबाट कैदवापत रकम लिई छोडिदिन उपयुक्त देखिए छोड्न सकिने सम्मको अवस्था विद्यमान रहेको देखियो। उक्त कानूनी व्यवस्था र यस अदालतको निर्णयबाट समेत एक बर्ष वा सोभन्दा कम सजाय भएका सबै कैदीहरुले उक्त सुविधा अधिकारको रुपमा पाउन सक्ने वा अदालतले सो बमोजिम आदेश गर्नै पर्ने सम्मको बाध्यात्मक अवस्था नभई उपयुक्तताको आधारमा सम्म सो सुविधा दिनु पर्ने अवस्था देखियो। मुद्दामा रहेको कसूरको गाम्भिर्यता, कसूरको प्रकृती, कसूरदारको आचारण आदि कुराहरुबाट सम्बन्धित मिसिलमा रहेको सवुद प्रमाणबाट नै न्यायकर्मिले न्यायीक निश्कर्षमा पुग्ने उपयुक्त आधार हुने हुन्छ। वस्तुतः उक्त मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५(१) को प्रयोगको सम्बन्धमा उपयुक्तताको जाँच सम्बन्धित न्यायकर्मिबाट वस्तुगत रुपम पुष्टी भएको देखिनु अनिवार्य तत्व हो। उक्त संहिताको दफा १५५(१) मा भएको कानूनी व्यवस्था तथा यस अदालतको पूर्ण इजलासबाट भएको उक्त निर्णयबाट समेत उक्त संहिताको दफा १५५(१) प्रयोग गर्दा न्यायकर्मिले तथ्य र प्रमाणबाट उपयुक्त देखिएको हो होइन ? आदेशमा आधार कारण खोलिएको हुनु पर्दछ।

१६. यी निवेदक प्रतिवादी भुवन बुढाथोकीले बहु विवाहको कसूर गर्दा र प्रस्तुत मुद्दामा फैसला हुँदाको अवस्थामा बहाल रहेको तत्कालिन मुलुकी ऐन, विहावारीको महलको १० नं. मा बहु विवाह कसूर गर्ने व्यक्तिलाई एक बर्षदेखी तीन बर्षसम्म कैद र पाँच हजारदेखी पच्चिस हजार रुपैंयासम्म जरिवाना हुने कानूनी व्यवस्था रहेको देखिएकोमा यी प्रतिवादी निवेदकलाई सो ऐनमा उल्लेख भएको न्यूनतम सजायसम्म भएको देखियो।

१७. प्रस्तुत मुद्दा २०७०।१२।१० मा अदालतमा दायर भई मिति २०७०।१२।११ मा यी प्रतिवादीले रु.४०,०००।- धरौट राखी तारेखमा रहेकोमा निजलाई सजाय गर्ने गरी भएको मिति २०७१।७।१३ को फैसला उपर निजले पुनरावेदन नगरी अदालतको फैसलालाई स्वीकार गरी बसेको देखिन्छ। तथापि फैसला भएको अवस्थामा तथा सो पश्चात पनि अदालतमा आत्मसमर्पण नगरी फरार रही फैसला मितिभन्दा पाँच बर्ष पछी

मिति २०७६।९।९ मा अदालतको डोर कर्मचारीले निजलाई पक्राउ गरी अदालतमा दाखिल गरेको देखिंदा निजको आचरण व्यवहारबाट अदालतलाई सहयोग पुऱ्याएको भन्न देखिंन आउँदैन।

१८. बहु विवाहको कसूर स्वभावैले सोचविचार गरी पूर्ण मनसायका साथ आवश्यक सम्पूर्ण तयारी पुरा गरी गरिने गम्भिर प्रकृतीको कसूर हो। महिला विरुद्ध हुने यो कसूरबाट समाजमा गम्भिर प्रकृतिको प्रभाव पर्दछ। पिडित महिलाको सन्दर्भमा झन दुखद र जीवनकाल भरी पिडा सहिरहनु पर्ने स्थिती रहन्छ। वस्तुतः बहु विवाहको कसूरको प्रकृतीलाई साधारण कसूरको कोटीमा राख्न मिल्दैन। यो सम्पूर्ण समाजलाई प्रत्यक्ष असर पार्ने महिला विरुद्ध कै कसूर हुँदा प्रस्तुत कसूरको गाम्भिर्यतालाई न्यायकर्मिबाट मनन् गर्नु पर्ने हुन्छ।

१९. यी निवेदक प्रतिवादी भुवन बुढाथोकीलाई ऐनमा तोकिएको न्यूनतम सजायसम्म भएकोमा निजले सो सजाय भएको बर्षौसम्म फैसलालाई अवज्ञा गरी फरार रही कर्मचारीद्वारा पक्राउ गरी कैदमा पठाएको देखिन्छ। यस प्रकृतिका प्रतिवादीलाई उल्लेखित कानूनी व्यवस्था बमोजिम सुविधा प्रदान गरी कैद मुक्त गर्दै जाने हो भने पीडित महिलालाई थप पिडा हुने र उक्त कानूनको व्यवस्था विपरित हुन जान्छ। COVID-19 को महामारीले विश्वमा आक्रान्त पारेको तथ्य सर्व विधित नै छ। सो महामारीको फ़ाइदा जस्तो सुकै मुद्दाका कसूरदारलाई दिन मिल्ने गरी Blanket रुपमा उक्त संहिताको दफा १५५(१) को प्रयोग गरिनु मनासिव हुदैन। औचित्य, कसूरदारको आचरण, तथ्य, प्रमाण, कसूरको गाम्भिर्यता र कैद बस्नु पर्ने बाँकी अवधि आदीको कशीबाट नै न्यायकर्मिलाई विवेक पूर्ण रुपमा उपयुक्तताको परीक्षण गरी उक्त दफा १५५(१) को प्रयोग गर्ने अधिकार सुम्पिएको पाईन्छ। कैदको अवधि एक वर्ष भएपनि बहु विवाह जस्तो कसूरले समाजमा पार्ने असर गम्भिर प्रकृतिको हुने देखिन्छ। COVID-19 को संक्रमणको एकमात्र आधारबाट सम्पूर्ण न्यायिक प्रक्रिया र प्रणालीलाई निस्तेज र निस्कृय पार्नु दण्ड हिनतालाई प्रश्रय हुन जाने साथै पीडित शास्त्रको दृष्टिकोणबाट पनि मनासिव र कानून सम्मत हुँदैन। अतः प्रस्तुत मुद्दाको गाम्भिर्यता, प्रतिवादीको आचरण लगायतका कारणबाट निवेदक प्रतिवादी भुवन बुढाथोकीलाई

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५(१) बमोजिम कैद बापत जरिवाना रकम लिई कैदमुक्त गर्न नमिल्ने भनी सुरु काभ्रेपलाञ्चोक जिल्ला अदालतबाट मिति २०७६।१२।१३ मा भएको आदेश उपयुक्त नै रहेको देखियो। अदालतको फैसला बमोजिम ठहर भएको कैद असुल उपर गर्न निवेदकलाई पक्राउ गरी कारागारमा थुनामा राख्न पठाएको कार्य गैर कानूनी देखिंन आएन।

२०. तसर्थः उल्लिखित आधार र कारणहरु समेतबाट निवेदक प्रतिवादी भुवन बुढाथोकीलाई विपक्षीहरुले गैरकानूनी रुपमा थुनामा राखेको नभई निवेदक अदालतको कैदी पूर्जी अनुसार नै थुनामा रहनु भएको देखिन आएको र काभ्रेपलाञ्चोक जिल्ला अदालतको मिति २०७६।१२।१३ को आदेश उपर मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिम बैकल्पिक साधारण उपचारको अवस्थासमेत विद्यमान रहेकोमा असाधारण अधिकार क्षेत्र प्रयोग गरी निवेदक रिट निवेदनको माध्यमबाट यस अदालतमा प्रवेश गरेको समेत मनासिव देखिंन आएन। निवेदकको प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। प्रस्तुत निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

न्यायाधीश

उक्त रायमा सहमत छु।

न्यायाधीश

इजलास अधिकृत (उपसचिव):- नारदप्रसाद भट्टराई

कम्प्युटर टाईप गर्नेः- राधिका घोरासाईने

इति सम्बत् २०७७ साल जेठ महिना १ गते रोज ५ शुभम्-------------------------------